**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. १४२

पुनरावेदन नं. ०७६-RB-०१६४

**मुद्दाः– सुनचोरी पैठारी**

| | |
|---|---|
| का.जि. का.म.पा. वडा नं. १२ टेकु बस्ने राहदानी नं ११०६३२६५ बाहक वर्ष ४७ को सुरेन्द्र डंगोल........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| त्रि.वि. भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ध्रुवराम विश्वकर्मा समेतको प्रतिवेदनले नेपाल सरकार..................................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री गणेश प्रसाद निरौला

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

मुद्दा फैसला गर्ने कार्यालयः- श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौं

मुद्दा फैसला गर्ने अधिकारीः- भन्सार प्रशासक श्री विष्णुराज ढकाल

मुद्दा फैसला भएको मितिः– २०७६/०८/३०

श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६/०८/३० को निर्णय उपर चित्त नबुझी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (४) बमोजिम म्यादभित्र पुनरावेदन गर्नु पर्नेमा काबु बाहिरको स्थितिरहेकोले मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २२३ बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. मिति २०७६।०१।१४ का दिन दिउँसो करिब ३ बजेको समयमा **THAI LION** को उडान नं **SL 220 MA** थाइल्याण्डबाट काठमाडौं आएका नेपालको राहदानी नं **11063265** बाहक सुरेन्द्र

डंगोललाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षको बाकथ्रु क्षेत्रको ऐक्सरेमा चेकजाँच गर्ने क्रममा लुकाई छिपाई लैजान लागेको अवस्थामा तीन थान विस्कुट आकारको र रातो रङ्ग लागएको एक थान रिङ्ग समेत जम्मा चार थान १७९ ग्रामको मूल्य रू.९,१७,७३३।- सुन बरामद भएकोले प्रतिवादीलाई पक्राउ गरी बरामदी सुन, बरामदी मुचुल्काको कागज र प्रतिवादी त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा मिति २०७६।०१।१५ मा दाखिला हुन आएको।

२. प्रतिवादी सुरेन्द्र डंगोलले बरामदी सुन थाइल्याण्डमा किनेको हो, मेरो व्यक्तिगत प्रयोगको लागि किनेको हो, अरु कसैले पठाएको वा मगाएको होइन, उक्त सुनको भन्सारमा घोषणा गरेको छैन, सुनको गहन ५० ग्राम सम्ममात्र ल्याउन नपाइने र सो भन्दा बढी ल्याउन तथा लैजान नपाइने भन्ने नेपालको कानूनको बारेमा मलाई थाहा भएन, अनजानवस भएको कार्यलाई मनन गरी एक पटकलाई माफी पाउँ भन्नेसमेत बेहोराको बयान दिएको।

३. नियम बमोजिम पेश हुन आएको मुद्दाको मिसिलसाथ संलग्न प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादी सुरेन्द्र डंगोलको बयान र निर्णयतर्फ विचार गर्दा प्रतिवादी सुरेन्द्र डंगोलले भन्सारमा कही कतै घोषणा नगरी भन्सार तिरेको निस्सा पेश नगरी पक्राउ परेको र वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना बमोजिम पैठारीमा प्रतिबन्ध लगाएको सुन लुकाई छिपाई ल्याएको कार्य सामान्य नभएको, सो सम्बन्धमा प्रतिवादीले स्वीकारोक्ति बयान दिएको र नेपालमा यसरी सुन ल्याउन नपाइने कानूनी व्यवस्था बारे थाहा थिएन भन्ने बेहोराको बयानमा कानूनको अज्ञानता कसैलाई छुट हुने छैन **(Ignorance of Law is no Excuse)** भन्ने यथार्थलाई नजर अन्दाज गर्न नमिल्ने आधारमा भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिदा निज प्रतिवादीलाई भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम लुकाई छिपाई अवैध रुपमा चोरी पैठारी गर्ने मनसायले सुन ल्याएको होइन भन्ने अवस्था नरहेकोले सोही दफा बमोजिम प्रतिवादीबाट जफत भएको सुनको बिगो मूल्य रू.९,१७,७३३।- जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७६/०८/३० गतेको श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय निर्णय।

४. विपक्षी भन्सार कार्यालयले प्रतिवादी सुरेन्द्र डंगोलको बयान गर्दा निजले भने बमोजिम नलेखि तयार गरिराखेको बयान कागजमा जवरजस्ती सहिछाप गर्न बाध्य पारेको, पुनरावेदक निजको पत्नी अम्बिका डंगोल र उनीहरुसँग आएकी साथी विमला महर्जनललाई सन्चो नभएकोले उनीले थाइल्याण्डबाट नेपाल फर्कदा अम्बिका डंगोलको ज्याकेट पुनरावेदकको हेण्ड ब्यागमा राखेकाले निजको ४३ ग्राम सुन पुनरावेदकको जिम्मामा हुन पुगेको, पत्नी अम्बिका डंगोलको ज्याकेटमा रहेको ४३ ग्राम सुन, निज विमला महर्जनको सुटकेसमा रहेको ५० ग्राम औंठी र पुनरावेदकको ८६ ग्राम सुनको टुक्रा समेत खानतलासी गर्दा निज पुनरावेदकसँग फेला परेको र सो सम्बन्धमा निवेदन समेत दिएकोमा मिसिल संलग्न प्रमाणहरु नबुझि, सो प्रमाणलाई अनदेखा गरी हतार हतार अभियोगपत्र दर्ता गरी, तहकिकात अधिकारी समक्ष स्वतन्त्र बयान गर्न नदिई बयानको हुबहु **Carbon Copy** बयानमा जबरजस्ती

सही गराई थुनछेक आदेश भएको, पुनरावेदक र निजको पत्नीले जनही ५० ग्राम सुन ल्याउन पाइन विश्वास गरी असल नियतले टुक्रा सुन ल्याएको कार्य तथ्य भ्रममा परी गरेको, सो कार्य पहिलोपटक गरेकोले कसुर नभई क्षमायोग्य भएको, तीन जनाको १५० ग्राम सम्म जफत नगर्दा सार्वजनिक हितलाई खास असर नपर्ने तर्फ ध्यान नदिई प्रमुख प्रशासकबाट न्यायिक मनको प्रयोग नगरी कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने सिद्धान्तका अनुसार भएको मिति २०७६/०८/३० फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ, उक्त फैसला उल्टी गरी अभियोग पत्रबाट सफाई पाउने ठहर गरी तथ्यको भ्रममा परी गरेको कसूर फौजदारी न्यायका सिद्धान्तका आधारमा पुनरावेदकबाट बरामद भएको सुन माथिको प्रकरण वर्णित आधार कारण र प्रमाणबाट चोरी पैठारी नभई तथ्यको भ्रममा परी ल्याएको सम्म हुदाँ उक्त ससुन भन्सार तिरी ल्याउन पाउने ठहर गरी निर्णय गरी पाउँ भन्नेसमेत बेहोराको मिति २०७६/११/११ को पुनरावेदनपत्र।

५. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७७।०९।२४ को आदेश।

**<u>ठहर खण्ड</u>**

६. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एंव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी सुरेन्द्र डंगोलको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गणेश प्रसाद निरौलाले यी प्रतिवादी सुरेन्द्र डंगोल, श्रीमती अम्बिका र साथी विमला महर्जन थाइलैण्ड गई तीन जनाबाट खरिद भएको १७९ ग्राम एकै जनाले बोकेको मात्र हो। उक्त बरामदित सुन सुरेन्द्र डंगोल र निजका श्रीमती दुवै जनाले किनी ल्याएको हो। रातोलेपन गरेको एक थान सुनको रिङ्ग बिमला महर्जनले खरिद गरेको र निज बिमला विरामी भएकाले तीन जनाकै सामान सुरेन्द्रले ल्याउने क्रममा चेकजाँचमा परेका हुन्।भंसार ऐन,२०६४ ले प्रतिव्यक्ति ५० ग्रामसम्म ल्याउन पाउने र बढी २९ ग्रामको सम्म अवैध हुंदा सो हदसम्म मात्र कानुन बमोजिम दस्तुर तिरेर ल्याउन पाउने व्यवस्था हुँदाहुदै भंसार दस्तुर तिरि पाउनको लागि निवेदन समेत गरेकोमा सो सम्बन्धमा कुनै सुनुवाई नगरी कसुरदार कायम गर्ने गरि भएको शुरु कार्यालयको निर्णय बदर गरि निजले सफाई पाउनुपर्छ भन्ने समेत बहस सुनियो।

७. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले प्रतिवादीबाट बरामद भएको सुन निजकै हो।यी प्रतिवादी सुरेन्द्र डंगोलको साथबाट विष्कुट आकारको सुन तीन थान र रातो लेपन गरेको एक थान रिङ्ग समेत जम्मा चार थान १७९ ग्राम बरामद भएको, ५० ग्राम सो भन्दा बढी सून ल्याएमा सोको प्रज्ञापनपत्र समेत उल्लेख गर्नुपर्नेमा निजले गरेको देखिदैन।निजले आफ्नो व्यक्तिगत प्रयोजनको लागी किनेको अरु कसैले मगाएको पठाएको होइन, स्कुलको

कमाईबाट किनेको भनी बयानमा लेखाएको पाइन्छ । उक्त बरामद सुन तीन जनाको हो भनी बयानमा समेत जिकिर लिन सकेको छैन ।भन्सार २०६४ को दफा ५७ (१) कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने जि बमोजिम निजले कसुर गरेको देखिदाँ शूरु जिकिर समेत सुनियो।

८. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णय तर्फ विचार गर्दा ,मिति २०७६।१।१४ गते **Thai Lion Air** उडान नं. **SL 220** बाट काठमाडौ आएका नेपाली राहदानी नं.११०६३२६ बाहक सुरेन्द्र डंगोलले घोषणा नै नगरी लुकाई छिपाई बोकेको हाते व्यागबाट विष्कुट आकारको सुन थान-३ र रातोलेपन गरेको सुनको रिङ्ग थान-१ गरी जम्मा ४ थान १७९ ग्राम सुन **X-Ray** बाट देखिई बरामद भई निजलाई पक्राउ गरी भन्सार ऐन,२०६४ बमोजिम कारवाही गरि सुन चोरी पैठारीमा सजाय गरी पाउँन प्रस्तुत मुद्दाको उठान भएको पाइयो ।

१०. बरामदी मुचुल्का, प्रतिवादीको बयान तथा मिसिल संलग्न कागजातबाट यी प्रतिवादी सुरेन्द्र डंगोलले भन्सार ऐन, २०६४ को दफा १८ बमोजिम विदेशबाट सुन ल्याएको व्यहोरा घोषणा गर्नुपर्नेमा कही कतै घोषणा नगरी आफूले बोकेको हाते व्यागबाट सुन ल्याएको र उक्त सुन आफ्नै घरेलु प्रयोजनको लागि ३ जना साथीको समुह मिलेर साथीहरु समेतले बोकेको डलरबाट खरिद गरी ल्याएको भनि साविती बयान गरेकाले चोरी पैठारी गर्ने मनसायले ल्याएको देखिएकाले उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७ (१ग) बमोजिमको कसुर अपराध गरेको ठहरेको हुदाँ बरामदित १७९ ग्राम सुन ऐ. ऐनको दफा ५७ को उपदफा (१) बमोजिम जफत हुने र सोही बरामदित सुनको विगो कायम अनुसार रू.९,१७,७३३।— जरिवाना हुने भनि त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/०८/३० गते निर्णय भएको देखियो।

११. यी प्रतिवादी सुरेन्द्र डंगोलले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा पनि आफुबाट सुन बरामद भएकोमा सावित नै देखिन्छन् । आफुले थाईलैण्डबाट काठमाडौ आउने क्रममा १७९ ग्राम सुन आफु, श्रीमति र साथी बिमला महर्जन तीनजना थाईलैण्ड घुम्न जाने क्रममा घरेलु प्रयोजनको लागि खरिद गरी आफुले बोकेको हाते ब्यागमा लुकाई ल्याएको भनी साविती बयान गरेको देखिन्छ। उक्त सुन कानुन बमोजिम यथास्थितिमा भन्सार विन्दुमा घोषणा गरेको वा प्रज्ञापनपत्र भरेको भन्न सकेको पाईदैन। पुनरावेदकले पुनरावेदन जिकिरमा आफू समेत ३ जना थाइल्याण्डबाट आउँदा ३ जनाले खरिद गरी ल्याएको भनेपनि मौकामा बयान गर्दा उफ व्यहोरा लेखाउन सकेको देखिंदैन। त्यसका अलावा त्रिभुवन विमानस्थल भन्सार विन्दुमा सुन बरामद हुँदाका बखत यी प्रतिवादी सुरेन्द्र डंगोलले बोकेको व्यागबाट सबै १७९ ग्राम सुन बरामद भएबाट पनि उक्त सुन ३ जनाको हो भन्ने निजको पुनरावेदन

जिकिर खम्वीर हुन सक्ने देखिन्न। तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार विदेशबाट आउने व्यक्तिले घरायसी प्रयोजनको झिटी गुन्टा वापत ५० ग्राम सम्म सुन ल्याउन पाउनेमा सो भन्दा बढी १७९ ग्राम कांचो सुन ल्याएको प्रतिवादीको उक्त कार्य भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसार कसुर देखिन आयो।निजले कसुरबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिन्न।

१२. तसर्थ प्रतिवादी सुरेन्द्र डंगोलको साथबाट हाते व्यागभित्र विष्कुट आकारको सुन तीन थान र रातो लेपन गरेको एक थान रिङ्ग समेत जम्मा चार थान १७९ ग्राम सुन बरामद भएको भन्ने प्रतिवादीको साविती बयान एवं बरामदी मुचुल्का व्यहोराबाट समेत पुष्टि हुन आएको देखिदां प्रतिवादीलाई विगो रु.९,१७,७३३।—रकमको १७९ ग्राम सुन चोरी पैठारी गरेको कसूरमा भंसार ऐन ,२०६४ को दफा ५७(१) बमोजिम सुन जफत गरि विगो बमोजिम जरिवाना हुने गरि त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति२०७६।०८।३०।०२ मा भएको फैसला मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई दिनू---------------------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू-------------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-------------------------------------------३

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजश्व सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री सनिता लामा

टिपोट गर्ने डिट्ठा श्री सुनिता थापा

इतिसम्बत २०७७ साल चैत २३ गते रोज २ शुभम...............................................